# स्थानीय- राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या १३ मितिः २०८०/११/१०

भाग-२

## भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि , २०८०(प्रथम संशोधन २०८०)

## भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन ।

बागमती प्रदेश, नेपाल

**भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि, २०८०(प्रथम संशोधन २०८०)**

**प्रस्तावनाः**

भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि , २०८० लाई आवश्यकतानुसार संशोधन गर्न वाञ्छनीय भएकोले,

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यस कार्यविधिको नाम "भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि (प्रथम संशोधन २०८०) रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२.मूल कार्यविधिको परिच्छेद ३ र सो परिच्छेद अन्तर्गतका सवै दफा/उपदफाहरुमा **युवा स्वयंसेवक खेल प्रशिक्षक** भनि उल्लेख भएकोमा सो को सट्टामा **युवा स्वयंसेवक खेल शिक्षक** भनि संशोधन गरिएको ।

३.मूल कार्यविधिको परिच्छेद ४ र सो परिच्छेद अन्तर्गतका सवै दफा/उपदफाहरुमा **युवा स्वयंसेवक कला, संगीत,नृत्य तथा योग प्रशिक्षक** भनि उल्लेख भएकोमा सो को सट्टामा **युवा स्वयंसेवक कला, संगीत,नृत्य तथा योग शिक्षक** भनि संशोधन गरिएको ।

**४ अनुसूची -३ मा संशोधन**

सि.नं.१ मा "युवा स्वयंसेवक छनौटका आधारहरू" भनि उल्लेख भएकोमा सो को सट्टामा "बाल विकास युवा स्वयंसेवक छनौटका आधारहरू" उल्लेख गरी संशोधन गरीएको ।

क) सि.नं.१ (क) मा कक्षा १२ मा अनिवार्य नेपाली , अंग्रेजी र सामाजिक/गणित विषयमा प्राप्त गरेको अङ्क/GPA को जोडबाट आउने अङ्कबाट -७५ अङ्क उल्लेख भएकोमा सो को सट्टामा कक्षा ११/१२ मा अनिवार्य नेपाली , अंग्रेजी र सामाजिक/गणित विषयमा प्राप्त गरेको अङ्क/GP को जोडबाट आउने औषत अङ्कबाट -७५ अङ्क तर कक्षा १२ मा अनिवार्य सामाजिक/गणित विषय नहुनेको हकमा सवैभन्दा बढी अंक/GP प्राप्त गरेको ऐच्छिक विषयको अंक/ GP गणना गरिनेछ।

ख) सि.नं.२(क) मा कक्षा ११ र कक्षा १२ मा सम्बन्धित विज्ञापन भएको विषयमा प्राप्त गरेको अङ्क/ GPA को ४०/४०अङ्कबाट -८० अङ्क उल्लेख भएकोमा सो को सट्टामा कक्षा ११ र कक्षा १२ मा सम्बन्धित विज्ञापन भएको विषयमा प्राप्त गरेको अङ्क/GP को अङ्कबाट -६० अङ्क ।

ग) सि.नं.२ मा (क१) थप गरिएको ।

(क१) कक्षा १२ मा प्राप्त गरेको कुल प्राप्ताङ्क/GPA बाट -२० अङ्क ।

घ) सि.नं.३ (क) मा स्नातक तहमा मा सम्बन्धित विज्ञापन भएको विषयमा प्रत्येक वर्ष/ सेमेष्टरमा प्राप्त गरेको अङ्क/GPA को कुल योगबाट -८० अङ्क उल्लेख भएकोमा सो को सट्टामा स्नातक तहमा मा सम्बन्धित विज्ञापन भएको विषयमा प्रत्येक वर्ष/ सेमेष्टरमा प्राप्त गरेको अङ्क/GP को अङ्कबाट -६० अङ्क उल्लेख गरिएको ।

ङ) सि.नं.३ मा (क१) थप गरिएको ।

(क१) स्नातक तहमा प्राप्त गरेको कुल प्राप्ताङ्क/GPA बाट -२० अङ्क

**नोटः मा संशोधन**

नोट को सि.नं. ३ मा "बाल विकास युवा स्वयंसेवक शिक्षकको तालिम वापतको अङ्क गणना गर्दा प्रथम,द्वितीय र तृतीय श्रेणी वा सो सरह क्रमशः ५,४,३ अङ्क र श्रेणी नखुलेको भए द्वितीय श्रेणी सरहको अङ्क गणना गरिनेछ" भनि उल्लेख भएकोमा सो को सट्टामा "बाल विकास युवा स्वयंसेवक शिक्षकको तालिम वापतको अङ्क गणना गर्दा न्यूतम तीन महिनाको आधारभुत तालिम वापत प्रथम,द्वितीय र तृतीय श्रेणी वा सो सरह क्रमशः ५,४,३ अङ्क र श्रेणी नखुलेको भए द्वितीय श्रेणी सरहको अङ्क गणना गरिनेछ"। उल्लेख गरिएको ।

**५. अनुसूची -४ मा संशोधन**

क) सि.नं. ३ (ख) मा ४५. भएकोमा ४.५ कायम गरिएको र सोही सि.नं. (ख) को (ग) मा "प्रति कास्य पदक .५ अङ्कका दरले वढीमा तिन पदकको १.५ अङ्क" । कायम गरिएको ।

ख) सि.नं. ३ (घ) मा "महानगर स्तरीय पदक वापत बढीमा ३ पदकसम्मको ३" उल्लेख भएकोमा "महानगर स्तरीय पदक वापत बढीमा १.५ अङ्क" कायम गरिएको ।

ख) सि.नं. ३ (घ) को (क) (ख) (ग) मा देहाय बमोजिम संशोधन गरिएको।

क) प्रति स्वर्ण पदक .५ अङ्कका दरले वढीमा तिन पदकको १.५ अङ्क

ख) प्रति रजत पदक .४ अङ्कका दरले वढीमा तिन पदकको १.२ अङ्क

ग) प्रति कास्य पदक .३ अङ्कका दरले वढीमा तिन पदकको ०.९ अङ्क

ग) सि.नं. ४ मा महानगरको वासिन्दा भए १० उल्लेख भएकोमा सो को सट्टामा ५ अङ्क कायम गरिएको ।

**६. अनुसूची- ५ मा संशोधन**

"कला/संङ्गीत/योग स्वयंसेवक योग्यता र मूल्याङ्कनका आधार" भएकोमा "कला/संङ्गीत/नृत्य/योग स्वयंसेवक शिक्षकको मूल्याङ्कनका आधार" उल्लेख गरिएको ।

**७. अनुसूची ७ मा संशोधन**

क) "खेलकुद/कला,संगीत,योग स्वयंसेवकको करार सम्झौता फारम" भएकोमा "खेलकुद/कला/संङ्गीत/नृत्य/ योग शिक्षकको करार संझौता" उल्लेख गरिएको।

**८. अनुसूची ९ मा आंशिक संशोधन**

अनुसूची ९ मा उल्लेखित नियुक्ति पत्रको व्यहोरामा सम्बोधन पश्चात तृतिय हरफमा "बढीमा एक वर्षको लागी युवा स्वयंसेवक ................ शिक्षक भई कामकाज गर्नेगरी नियुक्ति गरिएको छ"। उल्लेख गरिएको ।

आज्ञाले

नरेन्द्र कुमार राना

प्रमुख प्रसाशकिय अधिकृत